कानून, न्याय ... मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायन ... निर्देशिका
दर्ता नं: ८४/०८२
दर्ता मिति: २०८२/१२/१२

## सम्पत्ति शुद्धीकरण,आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०८२

सञ्चालक समितिबाट स्वीकृत भएको मिति:
२०८२।०५।०४ गते, बुधबार

प्रस्तावना: सम्पत्ति शुद्धीकरण,आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले,

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ७प. को उपदफा (२) तथा बीमा ऐन,२०७९ को दफा ५ को खण्ड (घ) र दफा १६६ बमोजिमको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको निर्देशन जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशनको नाम "सम्पत्ति शुद्धीकरण,आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन,२०८२" रहेको छ।

(२) यो निर्देशन नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले स्वीकृत गरेको मितिले एकतीसौं दिन देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनु पर्छ।

(ग) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले बीमा ऐन, २०७९ को दफा २ को खण्ड (च) बमोजिमको कार्यकारी प्रमुख सम्झनु पर्छ।

(घ) "प्राधिकरण' भन्नाले बीमा ऐन, २०७९ को दफा २ को खण्ड (ण) बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

३. **नीति तथा कार्यविधि बनाई लागू गर्नुपर्ने**:(१) बीमकले ऐनको दफा ७त. बमोजिम छुट्टा छुट्टै नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तयार गर्दा ऐनको दफा ७त. मा उल्लिखित व्यवस्थाको अतिरिक्त देहायका विषयहरूलाई समेत समावेश गर्नु पर्नेछ:-

(क) जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति,

(ख) कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ग) जोखिममा आधारित ग्राहक पहिचान गर्ने,ग्राहकको विवरण अद्यावधिक तथा अनुगमन गर्ने प्रणाली,

(घ) प्राधिकरण एवं वित्तीय जानकारी इकाईलाई दिने सूचना वा प्रतिवेदन विद्युतीय माध्यमबाट पेश गर्ने व्यवस्था,

(ङ) शंकास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने तरिका र उपयुक्त विधि मार्फत बीमकको कार्यालय वा शाखामा पहिचान भएका शंकास्पद कारोबार तथा गतिविधिको गोपनियता कायम हुने गरी अविलम्ब कार्यान्वयन अधिकारी समक्ष उपलब्ध गराउने व्यवस्था,

(च) ऐनको परिच्छेद- ६ख. तथा नियमावलीको परिच्छेद- ६ बमोजिमको सम्पत्ति तथा कोष रोक्काको लागि गर्नु पर्ने कार्यहरू सम्पन्न गर्ने पद्धति,

(छ) ऐनको दफा ३५ङ. बमोजिम परिपालना परीक्षकबाट सम्परीक्षण गराउने व्यवस्था,

(ज) संस्थागत जोखिम मूल्याङ्कनको वार्षिक रुपमा स्वतन्त्र तेस्रो पक्षबाट समीक्षा गर्ने व्यवस्था,

(झ) सम्पत्ति शुद्धीकरण,आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारण सम्बन्धी बीमा क्षेत्रको रणनीति तथा कार्य योजनामा कार्यान्वयन गर्ने पद्धति,

(ञ) नियमावलीको नियम ६ तथा पूँजी, कारोबार र जोखिमको आधारमा वास्तविक धनी पहिचान गर्ने व्यवस्था,

(ट) उच्च पदस्थ व्यक्ति तथा सूचीकृत व्यक्तिको Screening गर्ने व्यवस्था,

(ठ) नियमावलीको नियम ७ को पालना तथा ग्राहकसँग हिताधिकारीको सम्बन्ध सम्बन्धी व्यवस्था,

(ड) ऐनको दफा ७ढ. को उपदफा (१) तथा निर्देशन १२ मा उल्लिखित खास कारोबारका सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणाली,

(ढ) बीमकको सञ्चालक,आधारभूत शेयरधनी र बीमकको प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीको उपयुक्तताको परीक्षण गर्ने पद्धति,

(ण) बीमकको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतसँग गर्ने कार्यसम्पादन सम्झौतामा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धी प्रचलित कानूनको पालना गर्ने-गराउने व्यवस्था,

(त) प्रमुख कार्यकारी अधिकृतले कार्यान्वयन अधिकारीसँग कार्यसम्पादन सम्झौता गर्ने, कार्यान्वयन अधिकारीले बीमकका विभाग/शाखासँग विवरण उपलब्ध गराउने सम्बन्धमा सम्झौता गर्ने र विभाग/शाखाले समेत बीमा मध्यस्थकर्ता तथा अन्य बीमा सेवा प्रदायकसँग आफ्नो ग्राहकको विवरण (KYC) सम्पुष्टि गर्ने कागजात बारे सम्झौता गर्ने व्यवस्था,

(थ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गर्ने व्यवस्था,

(द) आतङ्ककारी कार्य तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी व्यवस्था,



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(ध) ऐनको दफा ७च. तथा नियमावलीको नियम ९ पालना हुने गरी सरलीकृत ग्राहक पहिचानको विधि अपनाउने पद्धति,

(न) ग्राहक पहिचान विवरण तथा बीमाशुल्क भुक्तानी गर्ने आर्थिक हैसियत पुष्टि हुने गरी पेश गर्नु पर्ने आम्दानीको श्रोत बारेको मापदण्ड र

(प) ऐन, नियमावली र यो निर्देशन पालना गर्न अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको नीति तथा कार्यविधिलाई प्रचलित कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रूपमा कम्तीमा एक पटक आवश्यक संशोधन गरी अद्यावधिक गर्नु पर्नेछ ।

४. **ग्राहक पहिचान तथा सम्पुष्टि:** (१) बीमकले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा ऐनको दफा ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम गर्नु पर्नेछ ।

(२) बीमकले ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा नियमावलीको नियम ३ बमोजिम ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ ।

(३) बीमकले ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहाय बमोजिम विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ: -

(क) ग्राहकको पहिचान, भौगोलिक स्थान (Geolocation) तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापित गर्न सक्ने,

(ख) खण्ड (क) बमोजिम ग्राहकको पहिचान गर्दा विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणको सूची प्राप्त गर्ने माध्यम र विधि निर्धारण गर्नु पर्ने र

(ग) विद्युतीय माध्यमबाट गरिने कारोबारमा हुन सक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन पर्याप्त उपाय अवलम्बन गर्नु पर्ने ।

(४) बीमकले राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा विवरण यकिन गर्न सक्ने अवस्थामा सोको आधारमा समेत ग्राहकको पहिचान गरी बीमालेख जारी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) बीमकले ग्राहक पहिचान गर्दा कुनै ग्राहक कानूनी व्यक्ति वा प्रबन्धको तहगत संरचना वा स्वामित्वमा रहेको देखिएमा त्यस्तो संरचनाको प्रत्येक तहको र त्यस्तो व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्ने व्यक्ति फरक देखिएमा त्यसता व्यक्तिको नियमावलीको नियम ६ को उपनियम (२) को खण्ड (क) बमोजिम पहिचान गर्नु पर्नेछ ।

(६) कुनै प्राकृतिक व्यक्तिको बीमा कारोबारमा परिवार बाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रूपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(७) बीमित वा बीमितको एकाघरको परिवार वा बीमायोग्य हित कायम भएको व्यक्ति बाहेक अन्य कुनै व्यक्तिबाट बीमाशुल्क लिनु पर्ने भएमा सोको कारण सहित त्यसरी बीमाशुल्क भुक्तानी गर्ने व्यक्तिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर, ग्राहकसँगको सम्बन्ध र निजको पहिचान खुल्ने कागजात समेत लिनु पर्नेछ।

(८) ग्राहक पहिचानको सिलसिलामा वायो मेट्रिक वा ल्याप्चे सहिछाप गराउंदा देहाय बमोजिम गर्नु पर्नेछ: -

(क) प्राकृतिक व्यक्तिको हकमा बीमित व्यक्ति र प्रस्तावक फरक भएमा प्रस्तावकको समेत वायो मेट्रिक वा ल्याप्चे सहिछाप लिनु पर्ने ।

तर नाबालिगको हकमा प्रस्तावकको मात्र वायो मेट्रिक वा ल्याप्चे सहिछाप लिएमा बाधा पर्ने छैन ।

(ख) कानूनी व्यक्ति वा प्रबन्धको हकमा आधिकारिक प्रतिनिधिको दस्तखत र छाप लिने ।

(९) उपदफा (८) बमोजिम सहिछाप लिंदा बीमकले जोखिमको आधारमा वायो मेट्रिक (Biometric) विधिको प्रयोग गर्न सक्नेछ ।

(१०) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका कार्यालय वा निकाय, विशेष ऐन अन्तर्गत संस्थापित निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेका सङ्गठित संस्था, बीमक, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्था, नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त संस्था तथा कम्पनी, संयुक्त राष्ट्र संघ वा सो अन्तर्गतका कार्यालय तथा विशिष्टिकृत निकाय एवं अन्तरराष्ट्रिय संस्थाहरू, विदेशी राजदुताबास वा नियोग तथा प्राधिकरणले समय समयमा तोकेको संस्थाले आफ्ना कर्मचारीको सामूहिक बीमा गराउँदा बीमकले त्यस्ता बीमितको सम्वन्धित निकायबाट व्यक्तिगत विवरण लिनु पर्नेछ ।

(११) बीमकले ग्राहक पहिचान तथा सोको सम्पुष्टि गर्नका लागि लिनु पर्ने कागजात तथा विवरण ऐनको ७क. र नियमावलीको नियम ४ र ५ बमोजिम बीमक आफैले ढाँचा तयार गरी वा अनुसूची-१ को ढाँचा अनुसार लिन सक्नेछ ।

(१२) बीमकले ग्राहको पहिचान गरी जोखिमको आधारमा वर्गिकरण गर्नु पर्नेछ ।

५. **उच्च पदस्थ व्यक्तिको पहिचान:** (१) बीमकले ऐनको दफा ७ख. बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान यकिन गर्ने प्रयोजनका लागि जोखिममा आधारित देहाय बमोजिमका संयन्त्रको स्थापना गर्नु पर्नेछ:-

(क) बीमालेख जारी गर्दा, बीमालेख धितो राखी ऋण प्रदान गर्दा, बीमालेख समर्पण गर्दा वा बीमालेख अन्तर्गत अन्य कुनै पनि प्रकारले भुक्तानी गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र,

(ख) उच्च पदस्थ व्यक्ति फेर बदल वा थपघट भएको अवस्थामा तत्काल पहिचान हुने संयन्त्र,

(ग) उच्च पदस्थ व्यक्ति वा निजको परिवार तथा सम्बद्ध व्यक्ति पहिचान हुने संयन्त्र र

(घ) उच्च पदस्थ व्यक्तिको पदीय हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान हुने व्यवस्था ।

(२) उपदफा(१) बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) ग्राहकबाट सूचना लिने वा स्वः घोषणा गर्न लगाउने,

(ख) सार्वजनिक रूपमा उपलब्ध सूचनाबाट जानकारी प्राप्त गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाको विश्लेषण गरी जानकारी लिने,

(घ) व्यावसायिक रूपमा उपलब्ध तथ्याङ्क (डेटाबेस) बाट वा अन्य उपयुक्त आधारबाट जानकारी लिने,

(ङ) प्रचलित कानून बमोजिम कुनै निकायमा राखिएको कुनै अभिलेखबाट सूचना लिने र

(च) बीमक आफैले वा नेपाल सरकार वा तोकिएका आधिकारिक श्रोत,संस्था वा निकायमा उपलब्ध विवरण वा सूचीका आधारमा वार्षिक रुपमा सूची अद्यावधिक गर्ने ।

(३) बीमकले उच्च पदस्थ ग्राहक विवरण राख्दा नियमावली को नियम ९५ बमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

(४) बीमकले नियमावलीको नियम ९५ बमोजिमको उच्च पदस्थ व्यक्ति वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको, निजको बीमा अवधि वा निजसँग व्यावसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले दश वर्षसम्म राख्नु पर्नेछ ।

(५) बीमकले यो निर्देशन जारी भएपछि पहिलो पटकको लागि ६ महिना भित्र सबै उच्च पदस्थ ग्राहकको राष्ट्रिय परिचयपत्रको विवरण प्राप्त गरी ग्राहक पहिचान अद्यावधिक गर्नु पर्नेछ ।

६. **वास्तविक धनी पहिचानः** (१) बीमकले ऐनको दफा ७ग. र ३५क. तथा नियमावलीको नियम ६ बमोजिम वास्तविक धनी पहिचान गर्नु पर्नेछ ।

(२) वास्तविक धनी पहिचान र सम्पुष्टि गर्दा दफा ५ को उपदफा (२) बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्नेछ ।

(३) नियमावलीको नियम ७ बमोजिम हिताधिकारी वा हिताधिकारीको वास्तविक धनीको पहिचान गर्दा समेत यसै दफा बमोजिम गर्न सक्नेछ ।

(४) वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको,निजको बीमा अवधि वा निजसँग व्यावसायिक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले कम्तिमा पाँच वर्षसम्म राख्नु पर्नेछ ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(५) बीमकले संस्थापक शेयर कारोबार गर्दा कानूनी व्यक्तिको संलग्नता भएमा वा देखिएमा सो कानूनी व्यक्तिमा लगानी गर्ने वास्तविक धनीको पहिचान गरी ऐनको दफा ३५क. बमोजिमको विवरण लिनु पर्नेछ ।

७. **<u>बृहत् ग्राहक पहिचान</u>**: (१) बीमकले उच्च जोखिम देखिएका ग्राहकको हकमा ऐनको दफा ७ङ.को उपदफा (१) तथा नियमावलीको नियम ८ मा उल्लिखित व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका ग्राहकसंग व्यवसायिक सम्वन्ध स्थापना वा कारोवार गर्दा बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ: -

(क) विद्युतीय माध्यमबाट अस्वाभाविक र शंकास्पद तवरबाट कारोबार गर्ने ग्राहक,

(ख) उच्च नेटवर्थ जनाउने सीमा तथा सूचकको आधारमा बीमकले आफैले निर्धारण गरेका उच्च नेटवर्थ भएका ग्राहक,

(ग) कुनै कसूरजन्य वा शंकास्पद कार्यमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक,

(घ) उच्च जोखिममा रहेका मुलुकका ग्राहक वा हाल बसोबास वा पेशा वा व्यवसाय गरिरहेको स्थान आदिको आधारमा जोखिममा रहेका ग्राहक,

(ङ) उच्च जोखिम पहिचान गरिएका ग्राहक,

(च) नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहक वा नयाँ वित्तीय प्रविधि वा उपकरण मार्फत कारोबार गर्ने ग्राहक र

(छ) प्रचलित कानून बमोजिम कसूरजन्य कार्यमा संलग्न भएको ग्राहक ।

(२) उपदफा (१) को खण्ड खण्ड (घ) को प्रयोजनका लागि बीमकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था, देश, FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring मा सूचीकृत मुलुक र UN Sanction List बाट प्राप्त जानकारीको आधारमा सम्बन्धित मुलुकहरूको सूची तयार गरी नियमित रूपमा अद्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम ग्राहकसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा त्यस्तो व्यक्ति उच्च जोखिमयुक्त व्यक्ति भएमा निजको सम्बन्धमा नियमावलीको नियम ८ मा उल्लिखित उपायका अतिरिक्त देहायका उपाय समेत अवलम्बन गरी बृहत् ग्राहक पहिचान पद्धति अवलम्बन गर्नु पर्नेछ: -

(क) सम्पत्तिको स्रोत पहिचान वा सम्पुष्टि गर्ने,

(ख) कारोबारको उद्देश्यको जानकारी वा सो को प्रमाण लिने,

(ग) कारोबारको मात्रा प्रकृति र जोखिमको अवस्था अनुसार थप अनुगमन वा सीमा निर्धारण गर्ने र

(घ) बीमा बापतको कुनै प्रकारको भुक्तानी (समर्पण मूल्य तथा ऋण समेत) बैंकिङ्ग माध्यम वा सुरक्षित विद्युतीय भुक्तानी प्रणाली मार्फत गर्ने ।

(४) जीवन बीमकले एकल बीमाशुल्क भुक्तानी बीमालेख वा सीमित अवधि भुक्तानी बीमालेख वा त्यस्तै प्रकृतिको अन्य बीमालेख वा विदेशबाट बीमाशुल्क भुक्तानी हुने गरी जारी बीमालेख र बचत



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

तथा लगानी प्रकृतिको पचास लाख रुपैयाँ भन्दा बढी बीमाङ्क भएको जुनसुकै बीमालेख जारी गर्दा देहायका थप उपाय समेत अवलम्बन गर्नु पर्नेछ: -

(क) बीमितको आर्थिक क्षमता पुष्टि हुने कागजात तथा विवरण,

(ख) बीमितको पेशा व्यवसाय तथा कारोबार भएमा सोको पुष्टि हुने कागजात,

(ग) बीमाशुल्कको भुक्तानी बैक तथा वित्तीय संस्थाको खाताबाट मात्र गर्ने व्यवस्था,

(घ) एकल बीमालेख लिएका बीमितको हकमा निजले उक्त बीमालेख लिनु पर्ने कारण,

(ङ) बीमितको आर्थिक, प्रशासनिक तथा अपराधिक पृष्ठभूमि अनुसन्धान गर्न गराउन पाउने मन्जुरीनामा र

(च) जोखिम बमोजिम अपनाउनु पर्ने अन्य उपाय।

८. **सरलीकृत ग्राहक पहिचान:**(१) बीमकले ऐनको दफा ७घ. अनुसार जोखिम मूल्याङकन गर्दा न्यून जोखिम देखिएका ग्राहकको हकमा ऐनको दफा ७च. तथा नियमावलीको नियम ९ को उपनियम (१) बाहेकका ग्राहकको पहिचानको प्रक्रिया अवलम्बन गर्दा वा सोको सम्पुष्टि गर्दा देहाय बमोजिमका प्रक्रिया अपनाउनु पर्नेछ: -

(क) सरलीकृत ग्राहक पहिचानका लागि जोखिम मूल्याङकन गरी कम जोखिम देखिएको क्षेत्रका ग्राहकको लागि उपयुक्त पद्धतिको विकास गर्नु पर्ने,

(ख) सरलीकृत ग्राहक पहिचान पद्धति अपनाएका ग्राहकको छुट्टै विवरण राख्ने, र

(ग) लघु बीमा तथा वैदेशिक रोजगार म्यादी जीवन बीमा तथा तेस्रोपक्ष दायित्व मात्र समावेस हुने गरी जारी सवारी साधन बीमालेख खरिद गर्ने ग्राहकको लागि सरलीकृत ग्राहक पहिचान फारामको व्यवस्था गर्न सकिने।

(२) सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा नागरिकताको प्रमाणपत्र वा राहदानी वा फोटो सहितको मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा कुनै सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र वा सम्बन्धित स्थानीय तहले प्रमाणित गरी उपलब्ध गराएको फोटो सहितको सिफारिसको आधारमा सम्पुष्टि गर्नु पर्नेछ।

(३) यस दफा अन्तर्गत सरलीकृत ग्राहक पहिचान गर्दा प्रति बीमितको वार्षिक बीमाशुल्क सीमा पचहत्तर हजार रुपैयाँ सम्म मात्र हुनेछ र उक्त सीमा भन्दा बढी बीमाशुल्क भएमा नियमानुसार थप ग्राहक पहिचान गर्नु पर्नेछ।

९. **विद्यमान ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक:** (१) बीमकले ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको विवरण विद्युतीय अभिलेख राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी अद्यावधिक गर्नु पर्नेछ।

(२) बीमकले ग्राहक पहिचान सम्बन्धी विवरणहरू देहाय बमोजिम अद्यावधिक गर्नु पर्नेछ: -

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा वर्षमा एक पटक तथा जोखिमको वर्गीकरण अनुसार,

(ख) ग्राहक पहिचान विवरण अनुरूप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहक पहिचानको कार्य पूरा नभएको अवस्थामा तत्काल र

(घ) ग्राहक पहिचान विवरणमा उल्लिखित सूचना जानकारी तथा तथ्याङ्कको सत्यता वा पर्याप्तता को बारेमा सम्बन्धित बीमकलाई शंका लागेको अवस्थामा तत्काल ।

(३) कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष वा अनौपचारिक रूपमा प्राप्त गरेको सूचनालाई विश्लेषण गरी ग्राहक पहिचान तथा सोको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) ग्राहक पहिचान तथा अद्यावधिक गर्दा आफूसँग भएको पूर्व सूचना वा कागजात बाहेक परिवर्तन भएको वा हुन सक्ने अन्य विवरण तथा कागजात सम्बन्धित ग्राहकसँग माग गर्नु पर्नेछ ।

(५) ग्राहक स्वयं उपस्थित भई उपलब्ध गराउनुपर्ने वा अद्यावधिक गराउनु पर्ने विवरण बाहेक अन्य विवरणहरू बीमकले अन्य उपयुक्त माध्यमबाट लिन सक्नेछ ।

(६) ग्राहक पहिचान गर्दा वा ग्राहकको विवरण अद्यावधिक गर्दा राष्ट्रिय जोखिम मूल्याङ्कन र पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका जोखिमयुक्त क्षेत्रसंग आबद्ध व्यक्ति तथा संस्थाको पहिचान र निजहरूको कारोबारलाई प्राथमिकतामा राखी अद्यावधिक गर्नु पर्नेछ ।

(७) ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासम्भव प्रयास गर्दा ग्राहकसँग सम्पर्क हुन नसकेमा त्यस्तो ग्राहकको छुट्टै विवरण तयार गरी राख्नु पर्नेछ ।

(८) कानूनी व्यक्तिको हकमा जोखिमको आधारमा मात्र लेखापरीक्षण गरिएको वित्तीय विवरण प्रत्येक पटक ग्राहक पहिचान अद्यावधिक गर्दा सम्बन्धित ग्राहकसँग माग गर्ने गरी ग्राहक पहिचान अद्यावधिक सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नु पर्नेछ ।

(९) ग्राहक तथा वास्तविक धनीको पहिचान गर्दा बीमकले अनिवार्य रूपमा जोखिममा आधारित ग्राहक पहिचान प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१०) सबै वर्गका ग्राहक तथा वास्तविक धनीको पहिचान गर्न,अद्यावधिक गर्न र थप जानकारी माग गर्न एउटै विधि तथा प्रकृया अवलम्बन नगरी सम्बन्धित ग्राहक, कारोबार, स्थान र सेवाको प्रकृति अनुसार जोखिम अनुमान गरी सोको आधारमा गर्नु पर्नेछ ।

(११) बीमकले ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक गर्ने कार्यलाई आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

(१२) बीमकले यो निर्देशन जारी भएपछि पहिलो पटकको लागि छ महिना भित्र विद्यमान ग्राहकको पहिचान तथा सम्पुष्टि अद्यावधिक सम्पन्न गर्नु पर्नेछ ।

१०. **निरन्तर अनुगमन:** बीमकले बीमितसँगको कारोबारको जोखिमको प्रकृति अनुसार ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन गर्दा देहायको विषयमा समेत रुजु तथा अद्यावधिक गर्नु पर्नेछ:-

नेपाल बीमा प्राधिकरण

(क) प्रस्ताव फाराम पेश गर्दा ग्राहकले बुझाएको आम्दानीको श्रोतको विवरण तथा ग्राहकको थप परिवर्तित अवस्थामा उल्लेख्य परिवर्तन देखिएमा,

(ख) इच्छाएको व्यक्ति वा हिताधिकारी परिवर्तन गर्न चाहेमा,

(ग) बीमालेख व्यतित वा समर्पण वा पुनर्जागरण भएमा र

(घ) बीमालेखको शर्त अन्तर्गत ऋण लिन चाहेमा।

११. **सीमा कारोबार सम्बन्धी प्रतिवेदन दिनु पर्नेः** (१) बीमकले ऐनको दफा १०क. बमोजिम एकमुष्ट वा पटक-पटक गरी देहायको सीमा (Threshold) भन्दा बढी बीमा सम्बन्धी कारोबार भएका प्रत्येक ग्राहकको कारोबारको विवरण यथाशिघ्र वा कारोबार भएको मितिले बढीमा पन्ध्र दिन भित्र वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिमको ढाँचामा विद्युतीय सफ्टवेयर मार्फत goAML System मा प्रविष्ट गर्नु पर्नेछ: -

(क) एक वर्षमा तीन लाख रुपैयाँ वा सोभन्दा बढी रकम बीमाशुल्क तिर्नु पर्ने गरी निर्जीवन बीमालेख खरिद गरेमा,

(ख) एक वर्षमा एक लाख रुपैयाँ वा सोभन्दा बढी रकम बीमाशुल्क तिर्नु पर्ने गरी जीवन बीमालेख खरिद गरेमा,

(ग) जीवन बीमा गर्ने बीमितले बीमालेख धितोमा बीमालेखको शर्त अन्तर्गत एक करोड रुपैयाँ वा सो भन्दा बढी रकम ऋण लिएमा,

(घ) जीवन बीमा अन्तर्गत प्रति ग्राहक जुन सुकै प्रकारको दाबी भुक्तानी रकम एक करोड रुपैयाँ वा सो भन्दा बढी भएमा र

(ङ) निर्जीवन बीमा अन्तर्गत प्रति ग्राहक जुन सुकै प्रकारको दाबी भुक्तानीमा संस्थागत ग्राहकले तीन करोड वा सो भन्दा बढी रुपैयाँ र व्यक्तिगत ग्राहकले एक करोड वा सो भन्दा बढी रुपैयाँको कारोबार भएमा।

(२) सीमा कारोबार विवरण सम्बन्धी अन्य व्यवस्था वित्तीय जानकारी इकाईले जारी गरेको मार्गदर्शन बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सरकारी कार्यालय, संस्था वा व्यक्तिले गरेको देहायको कारोबार सम्बन्धी प्रतिवेदन वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक पर्ने छैन: -

(क) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको कार्यालय वा सैवैधानीक र नियामक निकायले गरेको कारोबार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेको कारोबार,

(ग) पुनर्बीमा व्यवसायको कारोबार गर्दा बीमा कम्पनीले गरेको कारोबार,

(घ) बीमकले संस्थागत रूपमा आफैं, अन्य बीमक वा सरकारी निकायसँग गरेको कारोबार,

(ङ) कुटनीतिक निकाय,संयुक्त राष्ट्र संघ, त्यसका विशिष्टकृत निकाय वा सो अन्तर्गतका कार्यालय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको कारोबार, र

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(च) बीमकले आफ्ना कर्मचारीलाई दिएको कर्मचारी सेवा, शर्त विनियम बमोजिमको सुविधा बापतको कारोबार।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले कुनै कारोबार शंकास्पद कारोबार हो होइन भनी पहिचान गर्न सक्नेछ। त्यसरी पहिचान गर्दा त्यस्तो विवरण शंकास्पद कारोबार हो भन्ने कुरा बीमकलाई लागेमा सोको जाँचबुझ गरी तत्काल दफा १३ बमोजिमको प्रतिवेदन पेश गर्नु पर्नेछ।

१२. **खास कारोबारमा विशेष ध्यान दिनुपर्ने:** बीमकले ऐनको दफा ७ढ. मा उल्लिखित विषयको अतिरिक्त निम्न बमोजिमका खास कारोबारको सम्बन्धमा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछ:-

(क) एक लाख रुपैयाँ भन्दा बढी एकल बीमाशुल्क भुक्तानी हुने बीमालेख,

(ख) दश लाख रुपैयाँ भन्दा बढी बीमाङ्क भएका समर्पण,पुनर्जागरण, रद्द, ऋण प्रदान गरिएका तथा शर्त परिमार्जन गरिएका बीमालेख,

(ग) विदेशी ग्राहकसँगको कारोबार,पहिचान नखुलेको कारोबार र

(घ) बीमकले जोखिमको आधारमा आफै पहिचान गरेका खास कारोबार।

१३. **शंकास्पद कारोबारको प्रतिवेदन पेश गर्नु पर्ने:** (१) बीमकले ऐनको दफा ७ढ. को उपदफा (१) तथा निर्देशन १२ मा उल्लिखित खास कारोबारका सम्बन्धमा ऐनको दफा ७ध. बमोजिमको अवस्था विद्यमान भएमा सोको जाँचबुझ गरी तत्काल शंकास्पद कारोबार वा गतिविधि प्रतिवेदन (Suspicious Transaction or Activity Report-STR/SAR) वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines' बमोजिम पेश गर्नु पर्नेछ।

(२) अधिकार प्राप्त निकायले कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सूचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सो समेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रूपमा जानकारी दिई ग्राहक पहिचान वा सम्पुष्टि अद्यावधिक गर्नु पर्नेछ।

(३) शंकास्पद कारोबारको पहिचान तथा प्रतिवेदनलगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोबार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ।

(४) शंकास्पद कारोबारलाई बीमकले प्रारम्भिक विश्लेषण गरी उच्चपदस्थ व्यक्तिहरू संलग्न रहेको भए STR-PEP, तथा अन्य STR मा वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ।

(५) ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयासको र निजको शंकास्पद गतिविधिको पहिचान गर्ने प्रणाली विकास गर्नु पर्नेछ।

(६) ऐनको दफा ७ध. को उपदफा (२) बमोजिम ग्राहकले कुनै शंकास्पद कारोबार गर्ने प्रयास गरेमा सोको जाँचबुझ गरी तत्काल त्यस्तो गतिविधि सम्बन्धी प्रतिवेदन (Suspicious Activity Report-SAR) वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(७) जोखिमको आधारमा आधारमा शंकास्पद कारोबारको पहिचान सम्बन्धी सूचक तयार गरी लागू गर्ने र यस्ता सूचकलाई समसामयिक रूपमा अद्यावधिक गर्नु पर्नेछ।

(८) प्रचलित कानून बमोजिम ग्राहक पहिचान सम्बन्धी प्रावधानहरू पालना हुन नसक्ने व्यक्तिको हकमा बीमा प्रस्ताव स्वीकार गर्न वा व्यावसायिक सम्बन्ध स्थापना गर्नु हुँदैन।

(९) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा संलग्न रहेको भनी कुनै ग्राहक प्रति शंका लागेको तर ग्राहकको पहिचान प्रक्रिया अगाडि बढाउँदा निजले शंका गरेको विषय थाहा पाउन सक्ने देखिएमा बीमकले ग्राहक पहिचान प्रक्रिया अगाडि नबढाई शंकास्पद कारोबार वा गतिविधि प्रतिवेदन (Suspicious Transaction or Activity Report) वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(१०) शङ्कास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो बीमकको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदारको विवरण पठाउनुपर्ने भएमा निज बाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनु पर्ने।

१४. **वित्तीय जानकारी इकाईको मार्गदर्शन पालना गर्नु पर्ने**: बीमकले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा (थ्रेसहोल्ड) कारोबार सम्बन्धी मार्गदर्शन, शंकास्पद कारोबार वा गतिविधि सम्बन्धी मार्गदर्शन, goAML System सम्बन्धी Operational Guidelines तथा मार्गदर्शन पालना गर्नु पर्नेछ।

१५. **आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने:** (१) ऐन, नियमावली र यस निर्देशन बमोजिम बीमकले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन स्रोत समेतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित बीमकको सञ्चालक समितिको हुनेछ।

(२) बीमकले व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (Compliance Officer) प्रमुख रहने गरी एक अलग्गै AML/CFT विभाग/इकाई खडा गर्नु पर्नेछ।

(३) ऐनको दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशन बमोजिमको दायित्व पूरा गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण प्राधिकरण तथा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ।

(४) कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज नियमनकारी निकायको वा बीमकको सञ्चालक वा आधारभूत शेयर धनी वा उच्च व्यवस्थापनका कर्मचारी वा निजको एकाघर परिवारको सदस्य नरहेको यकिन गर्नु पर्नेछ।

(५) कार्यान्वयन अधिकारीको काम, कर्तव्य तथा अधिकार ऐनको दफा ७त. को उपदफा (४) को अतिरिक्त देहाय बमोजिम समेत हुने गरी तोक्नु पर्नेछः -

(क) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी बनाउन सम्पर्क व्यक्ति (Focal Person) को रूपमा काम गर्ने,

(ख) ऐन, नियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रूपमा गर्न नीति, कार्यविधि र प्रणालीको मस्यौदा तर्जुमा गरी सञ्चालक समितिमा पेश गर्ने,

(ग) बीमकको पदाधिकारी तथा कर्मचारी, अन्य विभाग/शाखा, मध्यस्थकर्ताबाट ऐन,नियमावली र यस निर्देशन बमोजिम प्राप्त अ स्वभाविक वा शंकास्पद कारोबार सम्बन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने र

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारीसँग परामर्श लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्बाध रूपमा जुनसुकै बखत प्राप्त गर्ने ।

(ङ) सरोकारवालाबाट ऐन, नियमावली तथा यस निर्देशन पालना भए नभएको अनुगमन गरी परिपालना प्रतिवेदनमा उल्लेख गर्ने ।

(६) कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलब्ध नगराएमा बीमकका त्यस्ता पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाहीको लागि सञ्चालक समितिमा सिफारिस गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको कारबाही गरी सोको जानकारी प्राधिकरणलाई गराउनु पर्नेछ ।

(८) कार्यान्वयन अधिकारीले कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए गरेका काम कारबाहीको अनुगमन गरी सुधार गर्नु पर्ने विषय समेत समेटिएको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिमको प्रतिवेदनमा उल्लिखित विषयमा सञ्चालक समितिले समीक्षा गरी उपयुक्त निर्णय गर्नु पर्नेछ ।

(१०) बीमकले ऐन, नियमावली तथा यस निर्देशनको पालना प्रभावकारी बनाउन आफ्नो आधारभुत सेयरधनी, सञ्चालक समितिका सदस्य उच्च व्यवस्थापन र कर्मचारीहरूलाई देहाय बमोजिम हुने गरी संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्नु पर्नेछ: -

(क) संस्थाको चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएका शेयर धनी, सञ्चालक समितिका सदस्य तथा उच्च व्यवस्थापनलाई यस विषयको गाम्भिर्यताका बारेमा अभिमुखिकरण कार्यक्रम,

(ख) कर्मचारीको हकमा क्षमता अभिवृद्धि/ तालिम कार्यक्रम,

(ग) कार्यान्वयन अधिकारी र AML/CFT विभाग/इकाईको कार्यमा प्रत्यक्ष तथा नियमित रूपमा संलग्न अन्य कर्मचारीहरूलाई AML/CFT सम्बन्धी विषयमा तालिम कार्यक्रममा सहभागी गराउने ।

(११) आतङ्ककारी कार्य र आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीसँग सम्बन्धित विषयहरूको पहिचान, अनुगमन तथा प्रतिवेदनका लागि आवश्यक संयन्त्रको विकास गर्नु पर्नेछ ।

(१२) बीमकको सञ्चालक समिति, कार्यकारी प्रमुख,कर्मचारी तथा बीमा मध्यस्थकर्ता तथा अभिकर्ताको लागि सदाचार नीति (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ।

(१३) बीमकले वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने सीमा तथा शंकास्पद कारोबार गतिविधिको प्रतिवेदन तथा प्राधिकरणमा पेश गर्ने प्रतिवेदनको लागि बीमकको कोर इन्स्योरेन्स प्रणाली



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(software) वा अन्य विद्युतीय प्रणालीमा ग्राहकका अभिलेख वा विवरण अद्यावधिक गरी नियमावलीको नियम ३६ अनुसार पेश गर्नु पर्नेछ।

(१४) बीमकले AML/CFT सम्वन्धमा प्रचलित कानून बमोजिम भए गरेको काम कारबाहीको आन्तरिक लेखापरिक्षण गर्ने व्यवस्थाको साथै ऐनको दफा ३५च. बमोजिम संपरीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ।

१६. **जोखिम मूल्याङ्कन तथा व्यवस्थापन:**(१) बीमकले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन गर्नु अघि बीमकले ऐनको दफा ३५ को उप दफा (२) अनुसार मूल्याङ्कनको पद्धति तथा वस्तुगत आधार तयार गरी प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन नियमावलीको नियम १७ बमोजिम स्वीकृत गरी प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(४) बीमकले पेश गरेको जोखिम मूल्याङ्कन प्रतिवेदन वस्तुगत र प्रभावकारी भएको नदेखिएमा प्राधिकरणले आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको जोखिम मूल्याङ्कन गर्दा ऐनको दफा ७घ. तथा दफा ३५ को व्यवस्थाको अतिरिक्त देहाय बमोजिमका विषयलाई समेत आधार लिई ग्राहक (Customer), बीमालेख वा बीमा सेवाको प्रकार (Product or Service), भौगोलिक क्षेत्र (Geographic Location), सेवा प्रवाह गर्ने माध्यम (Distribution Channel), भुक्तानीको माध्यम (Payment Mode) लगायतका जोखिमको पहिचान एवम् विश्लेषण गरी सोको मूल्याङ्कन गर्नु पर्नेछ: -

(क) मुलुकको राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यावसायिक सम्बन्ध, प्रकृति, उद्देश्य,अवधि र सीमा,

(घ) ग्राहक पहिचानसँग सम्बन्धित विवरण एकीकृत रूपमा विद्युतीय माध्यममा राखी जोखिम सापेक्ष हुने गरी अद्यावधिक गरे नगरेको निश्चित गर्ने,

(ङ) आतङ्ककारी कार्य तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी हुन सक्ने आधार, आयम, जोखिमयुक्त प्रविधि, समेतलाई ध्यानमा राखी जोखिम मूल्याङ्कन गर्ने,

(च) ग्राहक पहिचान गर्दा ग्राहकको एकीकृत पहिचान पद्धति अवलम्बन गरे नगरेको सुनिश्चित गर्ने, र

(छ) एउटै ग्राहकले फरक फरक सेवा सुविधा लिएको भए सोको थप विवरणसमेत एकै ठाउँमा खुल्ने गरी आवश्यक व्यवस्था गर्ने।



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(६) उपदफा (१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च, मध्यम तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ। बीमकले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछ।

(७) प्रत्येक आर्थिक वर्षको पहिलो त्रैमासिक अवधि भित्र जोखिमको विश्लेषण गरी तयार गरिएको जोखिम मूल्याङ्कन प्रतिवेदनका आधारमा नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्य योजना तर्जुमा गरी लागू गर्नु पर्नेछ।

(८) बीमकले आन्तरिक तथा बाह्य लेखापरीक्षकको नियुक्ति गर्दा निजको कार्य विवरणमा AML/CFT जोखिमका आधारमा स्वचालित भए नभएको अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिम युक्त बीमालेख, ग्राहक, सेवा तथा कारोबारको अनुगमन हुने प्रणालीगत व्यवस्था भए नभएको सुनिश्चित गर्नु पर्ने लगायतका विषय उल्लेख गर्नु पर्नेछ।

(९) बीमकले तोकिएकै समयमा प्रतिवेदन वा सूचना दिने व्यवस्था मिलाउन उपयुक्त सूचना प्रविधि प्रणाली र सो सम्बन्धी कार्यविधि तर्जुमा गर्नु पर्नेछ।

(१०) ग्राहक तथा वास्तविक धनी लगायतका व्यक्तिको आधारभूत सूचना तथा कागजात सहितका अन्य विवरण जोखिमका आधारमा नियमित रूपमा विद्युतीय प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(११) उपदफा (१०) को प्रयोजनको लागि सूचना प्रविधि पोर्टल विकास गरी कार्यान्वयन गर्न सकिनेछ।

(१२) बीमकले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्दा निर्देशन १६ को अतिरिक्त अनुसूची-२ मा उल्लिखित विषयलाई समेत आधार लिनु पर्नेछ।

१७. **कारोबार गर्न नहुने:** बीमकले ऐनको दफा ७ण. को उपदफा (१) बमोजिमको अवस्थाको ग्राहकसँग व्यावसायिक सम्बन्ध राख्न वा कारोबार गर्नु हुँदैन।

१८. **प्रतिवेदन पेश गर्नु पर्ने:** (१) बीमकले ऐनको दफा ३५ङ. बमोजिमको वार्षिक परिपालन प्रतिवेदन ऐनको दफा ३५च. बमोजिमको परिपालना परीक्षकबाट सम्परीक्षण गराई आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) बीमकले दफा १६ को उपदफा (१) बमोजिमको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) बीमकले ऐनको दफा ४४ज. बमोजिमको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(४) बीमकले ऐनको दफा ३५क.,३५ख. तथा ३५ग. एवं नियमावलीको नियम ७६, ७७ र ७८ को व्यवस्था बमोजिमको विवरण अद्यावधिक गरी उक्त प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रधिकरणमा समक्ष पेश गर्नु पर्नेछ।

(५) बीमकले सेवा लिएका लेखापरीक्षक, बीमाङ्की, बीमा मध्यस्थकर्ता, अन्य बीमा सेवा प्रदायक तथा परामर्शदाताको विवरण अद्यावधिक गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र प्रधिकरणमा समक्ष पेश गर्नु पर्नेछ।

(६) बीमकले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम गरेको काम कारबाहीको त्रैमासिक विवरण सहितको प्रतिवेदन अनुसूची-३ को ढाँचामा तयार गरी त्रैमासिक अवधि समाप्त भएको मितिले तीस दिन भित्र सञ्चालक समितिको प्रतिकृया सहित प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(७) बीमकले दफा ११ र १३ बमोजिमको प्रतिवेदन वित्तीय जानकारी इकाई समक्ष पेश गर्नुपर्नेछ।

(८) बीमकले दफा २४ को उपदफा (३) बमोजिमको अवस्थामा तत्काल प्रतिवेदन वा जानकारी प्रदान गर्नु पर्नेछ ।

(९) बीमकले प्राधिकरणबाट माग गरेको अन्य प्रतिवेदन वा जानकारी वा विवरण उपलब्ध गराउनु पर्नेछ ।

१९. **मान्यताको पालना:**(१) बीमकले ऐन, नियमावली तथा यस निर्देशनको अनुकूल हुने गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा बीमा नियमनकारी निकायहरूको अन्तर्राष्ट्रिय संगठन (International Association of Insurance Supervisors), फाइनान्सियल एक्सन टाक्स फोर्स (Financial Action Task Force, एफएटिएफ स्टाइल रिजनल वडिज् (FATF Style Regional Bodies वा यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाले प्रकाशन गरेको अध्ययन प्रतिवेदनलाई समेत आधार लिन सक्नेछ ।

(२) बीमकले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार गरी अद्यावधिक राख्नु पर्नेछ ।

२०. **बीमाशुल्क, दाबी भुक्तानी तथा बीमा कारोबार :** (१) बीमकले बीमित वा बीमितको एकाघरको परिवार वा बीमायोग्य हित कायम भएको व्यक्ति वा संस्थाबाट मात्र बीमाशुल्क लिने व्यवस्था गर्नु पर्नेछ ।

तर जोखिमको विश्लेषण गर्दा कारण मनासिव भएमा दफा ४ को उपदफा (७) अनुसारको विवरण तथा कागजात लिई अन्य व्यक्तिबाट बीमाशुल्क संकलन गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(२) बीमाशुल्क स्वीकार गर्दा बैक मार्फत हुने भुक्तानीका उपकरण चेक, पस (Point of Sale) मेशिन तथा अन्य सुरक्षित विद्युतीय भुक्तानी प्रणाली मार्फत भुक्तानी लिने व्यवस्था गर्नु पर्नेछ ।

तर भौगोलिक कठिनाइ, कारोबारबाट उत्पन्न हुन सक्ने जोखिम कम हुने यकिन भएमा तथा परिस्थिति जन्य अवस्था मूल्याङ्कन गरी बीमकले एक लाख रुपैयाँसम्मको बीमाशुल्क नगदै संकलन गर्न सक्नेछ ।

(३) बीमकले सबै प्रकारको बीमाशुल्क बापतको रकम उपदफा (२) बमोजिम बैंकिङ प्रणाली मार्फत भुक्तानी लिने दिने व्यवस्था मिलाई नगद कारोबारलाई निरुत्साहित गर्दै जानु पर्नेछ ।

(४) बीमकले बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्दा अनिवार्य रूपमा बीमालेखको शर्त वा प्रचलित कानून बमोजिम भुक्तानी पाउने व्यक्तिको बैक वा वित्तीय संस्थामा रहेको खातामा जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

२१. **अभिलेख व्यवस्थापन:** बीमकले ऐनको दफा ७द. र नियमावलीको नियम १८ बमोजिम तयार भएका विवरण, अभिलेख, प्रतिवेदन, सूची, जानकारी तथा सूचना आवश्यकता भएको बखत तत्काल उपलब्ध

गराउन सकिने गरी सुरक्षित विद्युतीय अभिलेखको रुपमा समेत अभिलेख राख्नु पर्नेछ। त्यसरी राखेको अभिलेख आवश्यक परेको खण्डमा प्रमाण स्वरूप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ।

२२. **सूचनाको गोपनीयता:** बीमकका पदाधिकारी तथा कर्मचारीले ऐन, नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएको प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई दिनु हुँदैन। कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै, प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाएमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक अन्य अवस्थामा ऐनको दफा ७फ. बमोजिम सजाय हुनेछ।

२३. **आतङ्ककारी कार्यमा तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न हुन नहुने:** (१) बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले ऐनको दफा ४ तथा दफा ७ध१. मा उल्लेख भए बमोजिम आतंककारी कार्यमा वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकूलाई भौतिक सहयोग वा साधन उपलब्ध गराउन तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बीमालेख वा बीमा सेवा उपलब्ध गराउन हुँदैन।

(२) कुनै बीमक, बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकले उपदफा (१) मा उल्लिखित कुनै कार्यको सल्लाह, सहजीकरण, दुरुत्साहन, मद्दत, उद्योग वा षडयन्त्र गर्न हुँदैन।

(३) बीमकले ऐनको दफा ४ तथा दफा ७ध१. मा उल्लिखित व्यवस्थाको अतिरिक्त कुनै पनि व्यक्तिलाई आतङ्ककारी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा सहयोग पुर्याउने मनसायले देहायको कार्य गर्नु हुँदैन:-

(क) आतङ्ककारी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार लागि सम्पत्ति, बीमालेख, वा अन्य कुनै पनि कारोवार गर्ने वा गराउने र

(ख) आतङ्ककारी कार्य वा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारबाट आर्जित वा उत्पन्न कोषहरूको प्रयोगबाट बीमा कारोवार गर्ने वा गराउने।

२४. **आतङ्ककारी कार्य तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार रोकथाम :** (१) बीमकले ऐनको परिच्छेद- ६ख. तथा नियमावलीको परिच्छेद- ६ बमोजिम आतङ्ककारी कार्य तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तार निरुत्साहित गर्नको निमित्त आतङ्ककारी कार्यमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकूसँग कुनै पनि कारोबार गर्नु हुँदैन।

**स्पष्टीकरण:** "आतङ्ककारी कार्यमा संलग्न व्यक्ति वा संस्था" भन्नाले संयुक्त राष्ट्र संघद्वारा जारी प्रतिबन्ध सूची (UN Sanction List) र नेपाल सरकारको गृह मन्त्रालयको वेबसाइटमा अद्यावधिक गरेको उल्लिखित प्रतिबन्ध सूची (Sanction List) मा सूचीकृत व्यक्ति वा संस्था सम्झनु पर्छ।

(२) बीमकले उप दफा (१) मा उल्लिखित व्यक्ति र संस्था पत्ता लगाउन तथा सो व्यक्ति तथा संस्थासँग कारोबार गर्न नपाउने गरी आवश्यक पर्ने आन्तरिक नीति, कार्यविधि तथा ट्र्याकिङ् संयन्त्र (Tracking Mechanism) विकास गर्नु पर्नेछ।

(३) बीमकले आतङ्ककारी कार्यमा संलग्न व्यक्ति, आतङ्ककारी सङ्गठन वा विदेशी आतङ्ककारी लडाकूसँग कारोबार भएको जानकारी हुन आएमा तत्काल बीमा कारोबार तथा भुक्तानी



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

रोक्का राखी सम्बन्धित निकायलाई विवरण उपलब्ध गराउने र सोको जानकारी नेपाल बीमा प्राधिकरणलाई समेत दिनु पर्नेछ ।

(४) बीमकको कार्यान्वयन अधिकारीले नियमितरुपमा TFS log in चेक जाँच गरी यथाशिघ्र आवश्यक रिपोर्टिङ गर्नु पर्नेछ ।

२५. **कारबाही तथा सजाय:** (१) ऐन वा नियमावली वा यस निर्देशनको व्यवस्थाको कार्यान्वयन नगर्ने बीमक वा त्यस्तो बीमकका पदाधिकारी तथा कर्मचारीलाई ऐनको दफा ७फ.बमोजिमको कारबाही तथा सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही तथा सजाय गर्दा प्राधिकरणले कम्तीमा पन्ध्र दिनको समय दिई ऐनको दफा ७फ. को उपदफा (५) बमोजिम स्पष्टीकरण सोध्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सोधिएको स्पष्टीकरणको जबाफ नदिएमा वा त्यस्तो जबाफ चित्तबुझ्दो नभएमा वा ऐन, नियमावली तथा यस निर्देशनको पालना नगरेको कारण र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा ऐनको दफा ७फ.को उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्मका कुनै वा सबै व्यवस्था अनुसार प्राधिकरणले गर्ने कारबाहीको आधार सामान्यत: देहाय बमोजिम हुन सक्नेछ: -

| क्र.स. | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| १. | ऐनको दफा ६ विपरीत बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) पहिलो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म जरिबाना गर्ने,<br>(ख) दोस्रो पटक पचास लाख देखि तीन करोड रुपैयाँ सम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक तीन करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने । |
| २. | ऐनको दफा ७क. बमोजिम ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा वा नियमावलीको नियम ७ बमोजिमको व्यवस्थाको पालना नभएमा | (क) पहिलो पटक लिखित रुपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक पचास लाख रुपैयाँ देखि तीन करोड रुपैयाँसम्म जरिबाना गर्ने,<br>(घ) चौथो पटक तीन करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने । |
| ३. | ऐनको दफा ७ख. बमोजिम उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा वा प्रभावकारी नभएमा | (क) पहिलो पटक लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने र |

| | | |
|---|---|---|
| | | (ग) तेस्रो पटक पचास लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| ४. | ऐनको दफा ७ग. बमोजिम वास्तविक धनीको पहिचान गर्ने, दफा ७ङ. बमोजिम बृहत् ग्राहक पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा वा नगरेमा | (क) पहिलो पटक लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक देखि पचास लाख देखि पाँच करोड रुपैयाँसम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| ५. | ऐनको दफा ७घ. बमोजिम जोखिम व्यवस्थापन भएको नपाइएमा | (क) पहिलो पटक लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक एक करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| ६. | ऐनको दफा ७झ. बमोजिम निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | (क) पहिलो पटक लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक पचास लाख रुपैयाँ गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने। |
| ७. | ऐनको दफा ७त. बमोजिम नीति तथा कार्यविधि नबनाएमा | (क) पहिलो पटकका लागि लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक एक करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| ८. | ऐनको दफा ७त. को उपदफा (३) बमोजिम कार्यान्वयन अधिकारी नियुक्त नगरेमा वा बीमकले निर्देशनको दफा २२ को उलङ्घन गरेको पाइएमा | (क) पहिलो पटकका लागि लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक एक करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |

| | | |
|---|---|---|
| ९. | ऐनको दफा ७थ. बमोजिम बीमकको शाखा कार्यालय तथा सहायक कम्पनीले दायित्व पूरा नगरेमा | (क) पहिलो पटकका लागि लिखित रूपमा सचेत गराउने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ एक करोड रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक एक करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिबाना |
| १०. | ऐनको दफा ७द. बमोजिम अभिलेख नराखेमा | (क) पहिलो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म जरिबाना गर्ने,<br>(ख) दोस्रो पटक पचास लाख रुपैँयादेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक एक करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| ११. | ऐनको दफा ७ध. बमोजिम शंकास्पद कारोबारको पहिचान गर्ने प्रणाली नभएमा वा वित्तीय जानकारी इकाईमा तोकिएको ढाँचा वा माध्यम वा समय सीमा भित्र प्रतिवेदन पेश नगरेमा | (क) पहिलो पटक दश लाख रुपैयाँ जरिबाना गर्ने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँसम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक पचास लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म जरिबाना गरी कुनै वा सबै बीमालेख जारी गर्न रोक लगाउने तथा इजाजतपत्र खारेजसम्मको कारबाही गर्ने। |
| १२. | ऐनको परिच्छेद ६ख. अनुसार आतङ्ककारी व्यक्ति, समूह वा संगठनको सम्पत्ति तथा कोष रोक्का सम्बन्धी व्यवस्थाको पालना भएको नपाइएमा | (क) पहिलो पटक दश लाख रुपैयाँ जरिबाना गर्ने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म जरिबाना गर्ने,<br>(ग) तेस्रो पटक तीन करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गर्ने र<br>(घ) तेस्रो पटक तीन करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गरी पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको इजाजतपत्र खारेज गर्ने सम्मको कारबाही गर्ने। |
| १३. | ऐनको दफा ४, ७ध१.पालना नभएमा तथा यस निर्देशनको दफा २३ को उपदफा (१) बमोजिमको कार्य गरेमा | पाँच करोड रुपैयाँ सम्म जरिबाना गर्ने। |
| १४. | ऐनको दफा १०क. बमोजिम सीमा कारोबारको पहिचान गर्ने प्रणाली | (क) पहिलो पटक दश लाख रुपैयाँ जरिबाना गर्ने, |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | | |
|---|---|---|
| | नभएमा वा वित्तीय जानकारी इकाईमा तोकिएको ढाँचा वा माध्यममा वा समय सीमा भित्र प्रतिवेदन पेश नगरेमा | (ख)दोस्रो पटक दश लाख रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक पचास लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गरी,पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने तथा इजाजतपत्र खारेज गर्ने सम्मको कारबाही गर्ने। |
| १५. | ऐनको दफा ३५ख. बमोजिमको विवरण अद्यावधिक नगरेमा वा प्रतिवेदन पेश नगरेमा | एक लाख रुपैयाँ जरिबाना गर्ने। |
| १६. | ऐनको दफा ३५ग. बमोजिम विवरण नराखेमा वा अद्यावधिक नगरेमा | पाँच लाख रुपैयाँ देखि पचास लाख रुपैयाँ सम्म जरिबाना गर्ने। |
| १७. | तोकिएको विवरणको अभिलेख नराखेमा वा ऐन वा नियम वा यस निर्देशन विपरित अन्य कुनै कार्य गरेमा | (क) पहिलो पटक दश लाख रुपैयाँ जरिबाना गर्ने,<br>(ख) दोस्रो पटक दश लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म जरिबाना गर्ने र<br>(ग) तेस्रो पटक तीन करोड रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म जरिबाना गरी पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा व्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा संस्थाको इजाजतपत्र खारेज गर्ने सम्मको कारबाही गर्ने |

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले कारबाही गर्दा बीमकको आर्थिक तथा सांगठनिक अवस्था, पालनाका लागि भएका प्रयास र कसूरको गाम्भीर्यका आधारमा विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी कारबाही गर्नेछ।

तर उल्लंघनको गाम्भीर्यता विचार गरी ऐनको दफा ७फ. बमोजिमको कुनै वा सबै कारबाही गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन।

(५) बीमकलाई यस दफा बमोजिम कारबाही वा सजाय भएमा र त्यस्तो सजाय उक्त बीमकको कुनै पदाधिकारी वा कर्मचारीको वा मध्यस्थकर्ताको काम कारबाहीको कारणले भएको पुष्टि भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा मध्यस्थकर्तालाई बीमकले प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बीमकले कारबाही नगरेमा प्राधिकरणले ऐनको दफा ७फ. को उपदफा (४क.) को अधिकार प्रयोग गरी कारबाही गर्न सक्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURA

(७) उपदफा (५) बमोजिम कारबाही नगर्ने बीमकको सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई प्राधिकरणले ऐनको दफा ७फ. को उपदफा (४क.) बमोजिम जरिबाना गर्न वा पदबाट हटाउन वा दुवै कारबाही गर्न सक्नेछ।

२६. **बीमकको दायित्व:** (१) ऐन तथा नियमावलीमा उल्लेख गरिएका विषयमा ऐन तथा नियमावली बमोजिम र यस निर्देशनमा उल्लेख गरिएका विषयमा यसै निर्देशन बमोजिम बीमकले आफ्नो काम तथा दायित्व पूरा गर्नु गराउनु पर्नेछ।

(२) बीमकको प्रमुख कार्यकारी अधिकृतले ऐन, नियमावली यो निर्देशन बमोजिम सम्पादन गर्नु पर्ने कार्यको लागि मातहतका कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दपा ७त.को उपदफा (४), नियमावली तथा यस निर्देशन कार्यान्वयन अधिकारीको भूमिकामा प्रतिकुल असर पर्ने गरी कार्य विभाजन वा जिम्मेवारी निर्धारण गर्नु हुँदैन।

(४) बीमा मध्यस्थकर्ता तथा तेश्रो पक्ष सहजकर्तालाई ऐन, नियमावली र यस निर्देशनको पालना गर्ने गराउने जिम्मेवारी बीमकको हुनेछ।

(५) यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमको दायित्व पुरा गर्ने सिलसिलामा यस निर्देशनमा गरिएका व्यवस्था बाहेक अन्य आवश्यक उपाय समेत अवलम्बन गर्नुपर्नेछ।

२७. **व्याख्या गर्ने अधिकार:** यस निर्देशन प्रयोगमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार प्राधिकरणलाई हुनेछ।

२८. **खारेजी र बचाऊ:** (१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण निर्देशन, २०८१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेका काम कारबाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# अनुसूची-१

## (दफा ४ को उपदफा (११) सँग सम्बन्धित)

ग्राहकको पहिचान तथा जाँचसंग सम्बन्धित कागजात तथा सूचनाको सामान्य जानकारी

(क) प्राकृतिक व्यक्तिसँग बीमा कारोबार भएमा लिनु पर्ने ग्राहकको विवरण: -

१. बीमितको नाम, थर, लिङ्ग, जन्म मिति, राष्ट्रियता, स्थायी ठेगाना, हालको ठेगाना, सम्पर्क नं., ईमेल ठेगाना तथा आवश्यकता अनुसार भौगोलिक स्थान (geolocation) वा पहुँच योग्य नक्सा, आमा/बाबुको नाम श्रीमान श्रीमतीको नाम......

२. देहाय बमोजिमको न्यूनतम एक विवरणको आधारमा सम्पुष्टि हुने गरी कागजातको प्रतिलिपि समेत अनिवार्य लिनु पर्नेछ:

(क) राष्ट्रिय परिचय पत्र:
राष्ट्रिय परिचय पत्र नं........................ जारी मिति........

(ख) नागरिकता:
नागरिकता नं...............जारी गर्ने जिल्ला/निकाय..............जारी मिति......

(ग) राहदानी:
राहदानी नं. ............जारी गर्ने जिल्ला/निकाय...........जारी मिति....बहाल रहने अन्तिम मिति...

(घ) अन्य कुनै सरकारी/आधिकारिक निकायबाट जारी फोटो सहितको अद्यावधिक परिचय पत्र।

३. नाबालकको हकमा स्थानीय पंजिकाधिकारीबाट जारी भएको दर्ता प्रमाणको आधारमा दहायको विवरण लिनु पर्ने:-

(क) जन्म दर्ता प्रमाण पत्र वा नाबालक परिचयपत्र र बीमितसँग प्रस्तावकको सम्बन्ध खुल्ने कागजात

(ख) जन्म दर्ता प्रमाण पत्र वा नाबालक परिचयपत्र नं... जारी गर्ने स्थानीय तह.....जिल्ला.........जारी मिति:

(ग) प्रस्तवकको राष्ट्रिय परिचय पत्र वानागरिकता वा राहदानी

(घ) आमा बाबुको नाम.......वा आमा वा बाबु मध्ये कुनै एकको नाम

४. पेशा,व्यवसायमा संलग्न भए सोको विवरण:
संस्थाको नाम, ठेगाना, सम्पर्क नं., पद, अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक तथा अन्य विवरण

५. इच्छाइएको व्यक्तिको नाम थर र सम्बन्ध सम्पुष्टि हुने कागजात।

६. हालसालमै खिचिएको फोटो।

७. बीमकले जोखिम आधारमा थप विवरण समेत लिन सक्नेछ।

**(ख) साझेदारी वा व्यक्तिगत फर्मसँगको बीमा कारोबार भएमा: -**

१. फर्मको नाम, पूरा ठेगाना र सम्पर्क टेलिफोन वा मोबाइल नम्बर,

२. साझेदार तथा हिताधिकारीको नाम र ठेगाना (फोन नं. सहित) को विवरण,

३. फर्म रजिष्ट्रेशन/नवीकरण प्रमाणपत्रको प्रतिलिपि र कारोबारको किसिम,

४. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरण,

५. बीमा सम्बन्धी कारोबार गर्ने सम्बन्धमा गरेको निर्णय र अख्तियारी,र

६. बीमकले जोखिमको आधारमा अन्य आवश्यक कागजातहरु लिन सक्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(ग) **कम्पनीसँगको बीमा कारोबार भएमा: -**

१. कम्पनीको नाम,रजिष्टर्ड तथा व्यवसायिक कार्यालय रहेको पूरा ठेगाना,

२. संस्थापना तथा दर्ता प्रमाणपत्रको प्रतिलिपि र कारोबारको किसिम,

३. सञ्चालकको नाम ठेगाना सहितको विवरण,

४. बीमा सम्बन्धी कारोबार गर्ने सम्बन्धमा गरेको निर्णय र अख्तियारी,

५. वास्तविक धनीको विवरण (पन्ध्र प्रतिशत वा सो भन्दा वढी शेयर धारण गर्ने व्यक्ति वा संस्थाको विवरण,

६. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र वा कर दाखिला निवरणको प्रतिलिपि,

७. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु लिन सक्नेछ ।

(घ) **क्लब/गैरसरकारी संघ/संस्थासँगको बीमा कारोबार भएमा: -**

१. क्लव तथा गैर सरकारी संघ संस्थाको नाम,पूरा ठेगाना,टेलिफोन नम्बर र कार्यक्षेत्र,

२. क्लब/गैरसरकारी संघ / संस्थाको संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. कार्यसमितिको नाम र ठेगाना सहितको विवरण,

४. बीमा सम्बन्धी कारोबार गर्ने सम्बन्धमा गरेको निर्णय र अख्तियारी,

५. स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको कुनै प्रमाणको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको प्रतिलिपि, र

६. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

(ङ) **सहकारी संस्थासँगको बीमा कारोबार भएमा: -**

१. संस्थाको नाम, ठेगाना, फोन नं.,

२. सञ्चालकको नाम ठेगाना सहितको विवरण,

३. संस्थापना तथा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, र कारोबारको किसिम,

४. स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको कुनै प्रमाणको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको प्रतिलिपि,

५. बीमा सम्बन्धी कारोबार गर्ने सम्बन्धमा गरेको निर्णय र अख्तियारी,

६. सदस्य तथा वास्तविक धनीको विवरण,र

७. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

(च) **स्कूल वा क्याम्पससँगका बीमा कारोबार भएमा: -**

१. स्कूल वा क्याम्पसको नाम, ठेगाना, फोन नं.,

२. दर्ता/नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

३. स्कूल वा क्याम्पसको प्रमुख पदाधिकारीको नाम, थर, ठेगाना, फोन नं. सहितको विवरण,

४. सञ्चालक/ व्यवस्थापन समितिका सदस्यहरुको नाम र ठेगाना सहितको विवरण,

५. स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको कुनै प्रमाणको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको प्रतिलिपि

६. बीमा सम्बन्धी कारोबार गर्ने सम्बन्धमा गरेको निर्णय र अख्तियारी,

७. वास्तविक धनीको विवरण, र

८. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

(छ)**अन्तराष्ट्रिय गैर सरकारी संस्थासँगको बीमा कारोबार भएमा: -**

१. संस्थाको नाम र पूरा ठेगाना,

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

२. दर्ता/नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कारोबारको किसिम, कार्यक्षेत्र शाखा भएमा सोको विवरण समेत,

३. समाज कल्याण परिषद र संस्था बीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपि,

४. संस्थाको प्रमुख पदाधिकारी तथा सञ्चालकको नाम, थर, ठेगाना फोन नं सहितको विवरण,

५. बीमा वा सोसँग सम्बन्धित कारोबार गर्ने सम्बन्धमा भएको निर्णय र अख्तियारी,

६. स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको कुनै प्रमाणको प्रतिलिपि र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको प्रतिलिपि,र

७. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

**(ज) विदेशी व्यक्तिसँग बीमा कारोबार भएमा: -**

१. पूरा नाम, थर, ठेगाना र सम्भव भए सम्मका हिताधिकारीको विवरण,बाबु/आमाको नाम,श्रीमान् / श्रीमतीको नाम,

२. म्याद ननाघेको भिसा र राहदानीको प्रमाणित छायाँप्रति,

३. कार्यरत संस्थाको सिफारिस पत्र (कर्मचारी भए),

४. नेपालमा बसोबास गर्ने भएमा ठेगाना वा सम्पर्क स्थान, र

५. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

**(छ) विदेशी कम्पनीसँगको बीमा कारोबार भएमा: -**

१. विदेशी कम्पनीको संस्थापन र दर्ता प्रमाणपत्रको प्रतिलिपि,कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

२. बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र यससँग सम्बन्धित अन्य आर्थिक कारोबार गर्न दिएको अख्तियारी,

३. रजिष्टर्ड ठेगाना /व्यापारिक ठेगाना प्रमाणित गर्ने कागजात, नेपालको पूरा ठेगाना सम्पर्क स्थान र सम्पर्क व्यक्ति,

४. वास्तविक धनीको विवरण,

५. वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारीहरुको नाम, थर, ठेगाना, फोटो, फोन नं. सहित व्यक्तिगत विवरण र ठेगाना प्रमाणित हुने कागजात, र

६. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

**(ञ) राजदूतावास/कुटनीतिक नियोगको बीमा कारोबार भएमा: -**

१. राजदूतावास वा कुटनीतिक नियोगको पत्र,

२. हिताधिकारीको विवरण,र

३. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

**(ट) गैर आवासीय नेपाली नागरिकसँगको बीमा कारोबार भएमा:-**

१. पूरा नाम, थर, ठेगाना र हिताधिकारीको विवरण,

२. बाबु/आमाको नाम,श्रीमान् /श्रीमतीको नाम,

३. आयश्रोत खूल्ने कागजात,

४. रोजगारदाता संस्थासँगको सम्झौतापत्र / नियुक्तिपत्र,

५. पासपोर्टको प्रमाणित छाँयाप्रति,

६. नेपालको पूरा ठेगाना वा सम्पर्क स्थान तथा हाल बसोबास रहेको देशको पुरा ठेगाना र सम्पर्क नं., र

७. जोखिमको आधारमा बीमकले अन्य आवश्यक कागजातहरु तोक्न सक्ने ।

द्रष्टव्यः (खण्ड (क) देखि (ट) सम्मको लागि)



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

१. व्यक्तिगत ग्राहकको हकमा राष्ट्रिय परिचय पत्रलाई सम्पुष्टीको पहिलो आधार मानी ग्राहक पहिचान अद्यावधिक गर्नु पर्नेछ ।

२. ग्राहकको, वास्तविक धनी तथा हिताधिकारीको पहिचान बीमकले उपलब्ध सूचनाको पहुँचको आधारमा गर्नु पर्नेछ र जोखिमको आधारमा आवश्यक ठानेका विषय ग्राहकसँग प्रत्यक्ष सोधपुछ समेत गरी अभिलेख राख्न सक्नेछ ।

३. ग्राहक पहिचान गर्दा ऐन,नियमावली तथा अन्य प्रचलित कानूनमा भएका व्यवस्था पालना भएको सुनिश्चित गर्नु पर्नेछ ।

४. बीमकले जोखिम, कारोबार बीमा गर्ने व्यक्ति लगायतको आधारमा ग्राहक पहिचान विवरण तयार गरी अद्यावधिक गर्नु पर्नेछ ।

५. सोही बीमकमा प्रस्तावित ग्राहकको पहिलेनै कुनै बीमा रहे/नरहेको विवरण एकिन गरी यदी रहेको भए एकीकृत ग्राहक पहिचान विवरण अद्यावधिक गर्नु पर्नेछ, र

६. ग्राहक/बीमितको बैक खाता सम्पुष्टी हुने विवरण एकिन गरी शिघ्र तथा सुरक्षित कारोवार सुनिश्चितता गर्न सकिनेछ ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

# अनुसूची-२

## (दफा १६को उपदफा (१२) संग सम्बन्धित)

बीमकले ऐनको दफा ७घ. तथा ३५ बमोजिमको जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्दा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनासकारी हातहतियारको निर्माण वा विस्तारमा हुने लगानी निवारण सम्बन्धी निर्देशन, २०८२ को दफा १६ को अतिरिक्त देहायका विषयलाई समेत आधार लिनु पर्नेछ:-

(१) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा बीमा क्षेत्रमा हुन सक्ने जोखिमको पहिचान तथा व्यवस्थापन सम्बन्धी अवधारणा।

(२) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा उल्लिखित विषयबाट लिन सकिने आधार।

(३) कुनै प्रतिष्ठित अन्तराष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदनमा उल्लिखित विषयबाट लिन सकिने आधार।

(४) FATF Recommendations, IAIS Standards and others best practices.

(५) Assessment of AML/CFT Control variable: Legal and procedural framework, Internal control, Integrity and competency of employees and intermediaries, effectiveness of monitoring and reporting, Market pressure to meet AML standard, availability of information verification system and risk level of own institution.

(६) Assessment of Inherent Vulnerabilities: Portfolio analysis individual insurer as per business nature and its risk in terms of business relation, nature and objectives.

(७) ग्राहक सम्बन्धी जोखिम विश्लेषण गर्दा समावेश गर्न सकिने तत्वहरु:-

(क) जोखिमको स्तर, प्रकार, प्रकृति,

(ख) अस्वाभाविक अवस्थामा कायम गरिएको व्यवसायिक सम्बन्ध,

(ग) गैर आवासीय ग्राहकको विवरण तथा जोखिम,

(घ) व्यक्तिगत सम्पत्ति वहन गर्ने कानूनी व्यक्ति वा कानूनी प्रबन्ध,

(ङ) मनोनीत (नोमिनी) शेयर धनी वा धारक धितोपत्र वा अस्वाभाविक र जटिल प्रकृतिको स्वामित्व संरचना भएका कानूनी व्यक्ति वा प्रबन्ध भएमा सोको विश्लेषण, हिताधिकारीसंगको सम्वन्ध, वास्तविक धनी पहिचान।

(८) भौगोलिक जोखिम विश्लेषण गर्दा समावेश गर्न सकिने तत्वहरु:-

(क) ग्राहक वा व्यवसायको भौगोलिक क्षेत्र, सीमा र विशेषता,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तराष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रूपमा मात्र पालना गर्ने भनी अन्तराष्ट्रिय रूपमा पहिचान भएका मुलुकका ग्राहकसँग सम्बन्धित कारोबार,

(ग) उल्लेखनीय रूपमा भ्रष्टाचार, राजस्व छली, आतङ्ककारी वा अन्य आपराधिक गतिविधि विद्यमान रहेको भनी अन्तराष्ट्रिय रूपमा पहिचान भएका मुलुकको ग्राहकसँग सम्बन्धित कारोबार, र

(घ) आतङ्ककारी कार्य तथा आमविनासकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी हुन सक्ने आधार, आयाम, जोखिमयुक्त प्रविधि समेतलाई ध्यानमा राखी जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने।

(९) बीमालेख, सेवा, कारोबार वा वितरण प्रणालीमा जोखिम हुन सक्ने तत्वहरु:

(क) बीमालेख वा सेवाको प्रकार, प्रकृति, संख्या र निहित जोखिम,

(ख) एकल बीमाशुल्क वा त्यस्तै प्रकार, प्रकृति, संख्या र निहित जोखिम,

(ग) बचत प्रकृतिको बीमा,

(घ) असम्बन्धित तेस्रो पक्षको सक्रियतामा गरिएको बीमा र बीमाशुल्क भुक्तानी,

(ङ) तेस्रो पक्षलाई गरिने दाबी भुक्तानी,

(च) ग्राहक आफैँ उपस्थिति नभै हुने कारोबार,

(छ) तेस्रो पक्षले सहजै पहुँच राख्न वा प्राप्त गर्न सक्ने बीमालेख वा सेवा,

(ज) पेशा प्रतिको जवाफदेहिता, कारोबारमा संलग्नसंगको विषयगत ज्ञान, र

(झ) जोखिम सापेक्ष अन्य विषयहरू।

(१०)वितरणको माध्यम सम्बन्धी जोखिम।

(११)भुक्तानीको माध्यम Payment modes सम्बन्धी जोखिम।

(१२)समग्र जोखिमको स्तर निर्धारण गर्ने, अभिलेख राख्ने, समय सापेक्ष अद्यावधिक गर्ने र प्रभावकारी कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था सुनिश्चित गर्नुछ।

**द्रष्टव्य: (खण्ड (१) देखि (१२) सम्मको लागि)**

माथि उल्लिखित विषय सामान्य आधार मात्र रहेको हुँदा बीमकले प्रचलित कानूनको पालना गर्ने गरी आफ्नो वास्तविकता अनुसार जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

## अनुसूची-३

(दफा१८ को उपदफा (६) सँग सम्बन्धित)

**<u>त्रैमासिक परिपालना प्रतिवेदनको ढाँचा</u>**

१. नीति तथा कार्यविधि जारी गरेको मिति:

२. नीति तथा कार्यविधि अद्यावधिक गरेको मिति:

३. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मिति:

४. जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मिति:

५. समीक्षा अवधिका प्रमुख गतिविधि तथा चुनौती:

६. समीक्षा अवधिमा प्रवेस गरेका र अवकाश भएका कर्मचारीको विवरण/संख्या:

७. समीक्षा अवधिमा इजाजतपत्र लिएका अभिकर्ताको विवरण (अन्य बीमक छाडी आएका अभिकर्ताको छुट्टै विवरण सहित):

८. समीक्षा अवधिमा भएको कुनै नियामकीय कारबाही भए सोको विवरण र शिघ्र सुधारात्मक कदम केही लिनु पर्ने भए सोको जानकारी:

९. समीक्षा अवधिमा बीमकलाई वा बीमकले आफ्नो पदाधिकारी/कर्मचारी वा मध्यस्थकर्तालाई कुनै कारबाही गरेको भए सोको विवरण:

१०. अघिल्लो त्रैमासको आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित कैफियतको विवरण:

११. आगामी कार्ययोजना:

१२. देहायको तथ्याङ्क र विवरण:

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| क्र.स. | विवरण | गत आ.व. कोजम्मा | चालु आ.व. | | | | | | | | | | | | | | | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रा. | भ. | अ. | जम्मा | का. | मं. | पु. | जम्मा | मा. | फा. | चै. | जम्मा | बै. | जे. | अ. | जम्मा | | |
| १. | जम्मा बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | बीमालेखप्रकार /पोर्टफोलियो अनुसारका बीमित संख्या<br>पोर्टफोलियो....i<br>पोर्टफोलियो....ii<br>..................n | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| २. | दावी भुक्तानी लिने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | दावी भुक्तानी रकम | | | | | | | | | | | | | | | | | | | |
| ३. | बीमालेख रद्द गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | बीमालेख रद्द गर्ने बीमितको रकम | | | | | | | | | | | | | | | | | | | |
| ४. | बीमालेख समर्पण गर्ने बीमितको संख्या (कुल) | | | | | | | | | | | | | | | | | | | |
| | बीमालेख समर्पण रकम (कुल) | | | | | | | | | | | | | | | | | | | |
| ५. | एकल बीमाशुल्क बीमालेख खरिद गर्ने बीमितको संख्या, | | | | | | | | | | | | | | | | | | | |
| ६. | एकल बीमाशुल्क रकम | | | | | | | | | | | | | | | | | | | |
| ७. | एकल बीमाशुल्क बीमाङ्क रकम | | | | | | | | | | | | | | | | | | | |
| ८. | कुल सावधिक बीमालेख मध्ये एकल बीमशुल्क बीमाको हिस्सा प्रतिशतमा (बीमित संख्या) | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल सावधिक बीमालेख मध्ये एकल बीमशुल्क बीमाको हिस्सा प्रतिशतमा (बीमाशुल्क) | | | | | | | | | | | | | | | | | | | |
| | कुल सावधिक बीमालेख मध्ये एकल बीगशुल्क बीमाको हिस्सा प्रतिशतमा (बीमाङ्क) | | | | | | | | | | | | | | | | | | | |
| ९. | एकल बीमाशुल्क बीमालेख समर्पण गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | एकल बीमाशुल्क बीमालेख समर्पण रकम | | | | | | | | | | | | | | | | | | | |
| १०. | बीमालेख धितोमा कर्जा लिने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | बीमालेख धितोमा कर्जा रकम | | | | | | | | | | | | | | | | | | | |
| ११. | पहिचान अद्यावधिक नभएका बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १२. | पहिचान पूरा नभएका कारण बीमकले अस्वीकार वा सम्बन्ध अन्त गरेको ग्राहकको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १३. | उच्च जोखिम पहिचान गरिएका बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १४. | मध्यम जोखिममा पहिचान गरिएका बीमीतको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १५. | न्यून जोखिममा पहिचान गरिएका बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १६. | जोखिम स्तर परिवर्तित बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १७. | वृहत पहिचान गरिएका बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| १८. | उच्च पदस्थ पदाधिकारी बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९. | वास्तवीक धनी पहिचान गरिएको बीमितको संख्या (निर्जीवन बीमकको संस्थागत ग्राहकको हकमा) | | | | | | | | | | | | | | | | | | | |
| २०. | व्यक्तिगत अभिकर्ता मार्फत जारी बीमालेख संख्या | | | | | | | | | | | | | | | | | | | |
| | व्यक्तिगत अभिकर्ता मार्फत जारी बीमालेखको बीमाशुल्क | | | | | | | | | | | | | | | | | | | |
| २१. | संस्थागत अभिकर्ता मार्फत जारी बीमालेख संख्या | | | | | | | | | | | | | | | | | | | |
| | संस्थागत अभिकर्ता मार्फत जारी बीमालेखको बीमाशुल्क | | | | | | | | | | | | | | | | | | | |
| २२. | प्रत्यक्ष जारी (अभिकर्ता बाहेक) जारी बीमालेखको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | बीमाशुल्क रकम | | | | | | | | | | | | | | | | | | | |
| २३. | वास्तवीक धनी पहिचान गर्न नसकिएकोको बीमितको संख्या(निर्जीवन बीमकको संस्थागत ग्राहकको हकमा) | | | | | | | | | | | | | | | | | | | |
| २४. | सरलिकृत ग्राहक पहिचान फाराम प्रयोग गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| २५. | अनुगमन गरिएको बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| २६. | सीमा कारोबार प्रतिवेदनको संख्या | | | | | | | | | | | | | | | | | | | |
| २७. | शंकास्पद कारोबार प्रतिवेदनको संख्या | | | | | | | | | | | | | | | | | | | |
| २८. | विदेशी ग्राहकको/बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| २९. | नगदमा बीमाशुल्क भुक्तानी गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | नगदमा बीमाशुल्क संकलन भएको रकम | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०. | बैकिङ माध्यमबाट बीमाशुल्क भुक्तानी गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | बैकिङ माध्यमबाट बीमाशुल्क संकलन भएको रकम | | | | | | | | | | | | | | | | | | | |
| ३१. | एकलाख रुपैयाँ भन्दा माथिको बीमाशुल्क समेत नगदमा भुक्तानी गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| ३२. | प्रत्यक्ष रुपमा बिदेशबाट बीमाशुल्क भुक्तानी गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | प्रत्यक्ष रुपमा बिदेशबाट बीमाशुल्क संकलन गरिएको रकम | | | | | | | | | | | | | | | | | | | |
| ३३. | तेस्रो पक्षबाट बीमाशुल्क भुक्तानी गर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| | तेस्रो पक्षबाट बीमाशुल्क संकलित रकम | | | | | | | | | | | | | | | | | | | |
| ३४. | बीमालेखमा इच्छाइएको व्यक्ति उल्लेख नगर्ने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| ३५. | KYC को लागि राष्ट्रिय परिचयपत्र पेश गर्ने व्यक्तिगत ग्राहक/बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| ३६. | बीमालेख धितोमा रु पचास लाख भन्दा बढी कर्जा लिने बीमितको संख्या (जीवन बीमाको हकमा) | | | | | | | | | | | | | | | | | | | |
| ३७. | एक करोड रुपैयाँ भन्दा बढि दावी लिने बीमितको संख्या | | | | | | | | | | | | | | | | | | | |
| ३८. | पुनर्बीमकले विदेशबाट रु दश लाख वा सो सरह भन्दा बढी बीमाशुल्क लिने गरी गरेको कारोबारको संख्या | | | | | | | | | | | | | | | | | | | |
| ३९. | पुनर्बीमकले व्यवसायको माध्यमको शिलसिलामा प्रयोगमा आएका पुनर्बीमा | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्रोकरको संख्या(स्वदेशी वा विदेशी वा स्वदेशमा शाखा भएका विदेशी वा नभएको कैफियतमा खुलाउने) | | | | | | | | | | | | | | | | | | | |
| ४०. | सञ्चालक तथा आधारभुत शेयर सदस्यसंगको अभिमुखिकरण कार्यक्रम | | | | | | | | | | | | | | | | | | | |
| ४१. | क्षमता अभिवृद्धि कार्यक्रमकको विवरण<br>(क) पदाधिकारी तथा कर्मचारी<br>(ख) मध्यस्थकर्ता/अभिकर्ता /अन्य | | | | | | | | | | | | | | | | | | | |
| ४२. | सञ्चालक समितिमा समीक्षा भएको मिति र सञ्चालक समितिबाट भएको निर्णय/मार्गदर्शन/निर्देशन | | | | | | | | | | | | | | | | | | | |

आधिकारिक हस्ताक्षर

तयार गर्ने
हस्ताक्षर:
नाम:
पद:
मिति:
बीमकको छाप:

स्वीकृत गर्ने
हस्ताक्षरः
नामः
पदः
मितिः

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY